**निर्णय नं. १**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना सम्बन्धमा छलफल गर्दा पञ्चवर्षिय आवधिक योजनाको प्रस्तावित खाका यस बैठकमा अवगत भयो । सो सम्बन्धमा उक्त प्रस्तावित खाकामा उल्लेख भएका बुँदाहरूलाई आवश्यकताका आधारमा सरोकारवाला सम्बन्धित निकायहरूसँग थप छलफल तथा परिमार्जन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, योजना तथा बजेट सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण शाखाहरू, समितिहरू र सम्पुर्ण वडाहरूमा आगामी आ.व. २०८०/०८१ मा संचालन गर्नुपर्ने विभिन्न नीति, योजना तथा कार्यक्रमहरू सम्बन्धमा विस्तृत छलफल गर्नका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालू आ.व. २०७९/०८० को योजनाहरू अनुगमन सम्बन्धमा छलफल गर्दा यस नगरपालिका भित्र रहेका सम्पूर्ण वडाहरूमा संचालन रहेको नगर स्तरीय योजनाहरू चुस्तदुरूस्त रूपमा संचालन गर्न, सुशासन तथा पारदर्शिता कायम गर्न तथा विकास निर्माणका कार्यलाई विशेष ध्यानमा राखी छिटो छरितो रूपमा समयमै सम्पन्न गर्ने उद्देश्यले प्रत्येक हप्ताको ४ दिन (आईतबार, सोमबार, मंगलबार र बुधबार) नगरपालिका अन्तर्गतका वडाहरूमा संचालन भएका योजनाहरूको कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने तथा २ दिन ( विहिवार र शुक्रबार) आवश्यक तथा औचित्यका आधारमा योजना अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गरिव घर परिवार पहिचान सम्बन्धमा छलफल गर्दा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ७४८, मिति २०७९/१०/२४ को पत्रानुसार उक्त मन्त्रालयबाट संचालन गरिएको गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवारको रूपमा सूचीकृत भएका गरिब परिवारको प्रारम्भिक सूची (गरिब र गैह्र गरिब) प्राप्त भएको र सो सम्बन्धमा यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतकोसम्पूर्ण लाभग्राहीहरूले उक्त प्रकाशित सूचीमा चित्त नबुझेमा आफ्नो सम्बन्धित वडा कार्यालयमा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को अनुसूची १ को सूचकहरूमा आधारित रही अनुसुची २ वा ३ बमोजिमको ढाँचामा मिति २०८०/०१/०४ सम्म गुनासो दर्ता गर्न व्यवस्था मिलाउने र २०८० साल बैशाख ०५ गतेका दिन उक्त दर्ता भएका गुनासोको निवेदन तथा दर्ता रजिष्टर्ड यस कार्यालयमा यथासिघ्र उपलब्ध गराउने निर्णय गरियो । साथै नगरपालिकाको गुनासो सुनुवाई समितिमा नगर कार्यपालिका तथा महिला सदस्य श्री सिता पौड्याललाई समेत सदस्य तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गकाका सम्पूर्ण विद्यालयहरूमा संचालन भएका नगर स्तरीय कक्षा ८ (आठ) को अन्तिम परीक्षा, २०७९ कोअन्तिम नतिजा प्रकाशन गर्ने सम्बन्धमा छलफल गर्दा सम्पूर्ण विषयमा उत्तीर्ण भएका विद्यार्थीहरूको अन्तिम नतिजा प्रकाशन गर्न यस नगरपालिकाको परीक्षा समितिलाई निर्देशन दिने साथै२ वटा विषय सम्म अनुत्तीर्ण हुने विद्यार्थीको हकमा सम्बन्धित विद्यालयबाटै पुनः पुरक परीक्षा संचालन गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

शिक्षकहरूको दरबन्दी मिलान सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७९/१२/२७ गते बसेको बैठकको निर्णयानुसार पेश भए बमोजिम नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या, संचालित तह/कक्षा दुरी, प्रचलित कानून, आवश्यकता तथा औचित्य लगायतका आधारमा शिक्षक दरबन्दी मिलान तथा कक्षा समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

शिक्षकहरूको पदस्थापन सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७९/१२/२७ गते बसेको बैठकको निर्णयानुसार पेश भए बमोजिम प्राथमिक तहका स्थायी शिक्षक नियुक्ती तथा पदस्थापनाका लागि यस नगरपालिकामा सिफारिस भई आएका प्राथमिक तहका स्थायी शिक्षकहरूलाई नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आए बमोजिम प्रचलित कानून, मापदण्ड, आवश्यकता तथा औचित्यका आधारमा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

Seasoning र Treatment Plant स्थापनाको लागि सम्भाव्यता अध्ययनको कार्यसूची सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको वन क्षेत्रबाट उत्पादन हुने काठजन्य वन पैदावारहरूमा आधारित Seasoning and Treatment Plant स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने तथा Seasoning and Treatment Plant स्थापना पश्चात् हुन सक्ने सम्भावनाहरूको अध्ययन गर्ने उद्देश्यले यस नगरपालिकामा Seasoning र Treatment Plant स्थापनाको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमको योजनाहरु अनुमोदन गर्ने गरी उक्त योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| १. | चौतारा बजार, नगरपालिका भवनमा सि.सि.टि.भि. जडान कार्य, वडा नं. ५ | १४ लाख | मेयर पूर्वाधार |
| २. | सेतिदेवि आ.वि. परिषरमा बगैचा तथा बाटो निर्माण, वडा नं. ८ | ४ लाख | विविध कार्यक्रम |
| ३. | साम्राङटोल गोरेटोबाटो स्तरोन्नती, वडा नं. ५ | २ लाख | विविध कार्यक्रम |
| ४. | खस्रे पोखरी डाँडा सडक स्तरोन्नती, वडा नं. ३ | ६ लाख | विविध कार्यक्रम |
| ५. | भन्ज्याङ धारा सिंचाई योजना, वडा नं. ८ | १५ लाख | सिंचाई |
| ६. | मेलचौर भैँसे मोटरबाटो स्तरोन्नती, वडा नं. ९ | १ लाख | विविध कार्यक्रम |
| ७. | स्कुल देखि नेपालटोल सिँढी निर्माण कार्य, वडा नं. ४ | ५ लाख | मेयर पूर्वाधार |
| ८. | नेपाल प्रार्थना चर्च भवनमा शौचालय तथा छेकाबार, वडा नं. ४ | ३ लाख | मेयर पूर्वाधार |
| ९. | चागुले देउराली सडक मर्मत, वडा नं. ४ | ५ लाख | मेयर पूर्वाधार |
| १०. | भुपेन्द्र बहादुर दुलालको घर मुनि मेसिनरी वाल लगाउने कार्य, वडा नं. ७ | १ लाख ५० हजार | मेयर पूर्वाधार |
| ११. | निर्माणाधिन भगवती मन्दिरको कार्य सम्पन्नका लागि, वडा नं. ५ | २ लाख | मठमन्दिर |
| १२. | सुँगुरे खोला नियन्त्रण, वडा नं. ४ | २ लाख ५० हजार | कन्टिन्जेन्सी |
| १३. | ग्याविन जाली मेसिनरी वाल, वडा नं. १० | ३ लाख | कन्टिन्जेन्सी |
| १४. | ठुलोसिरूवारी कृषि औजार उत्पादन उद्योग निर्माण सम्पन्न कार्य, वडा नं. १३ | २ लाख | कन्टिन्जेन्सी |
| १५. | वडा कार्यालय भवन निर्माणका लागि तल्लो गह्राबाट वाल लगाउने कार्य, वडा नं. १ | ९ लाख | वडा कार्यालय निर्माण तथा मर्मत |
| १६. | साउबोटे माफ कुलो स्तरोन्नती, वडा नं. २ | ४ लाख | कन्टिन्जेन्सी |
| १७. | कैदीधारा जाने बाटोको नाली व्यवस्थापन, वडा नं. ५ | ३ लाख | कन्टिन्जेन्सी |
| १८. | गोल्मा मिलन चोक सिँढी ढलान कार्य, वडा नं. ४ | ५ लाख | कन्टिन्जेन्सी |

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| १९. | चौतारा गार्मेन्ट उद्योगका कामदारहरूलाई दक्ष सिपका लागि, वडा नं. ५ | ५ लाख | लघुउद्यम |
| २०. | टारवारी हुँदै ठूलो धुसिने सडक नयाँबाटो निर्माण, वडा नं. १० | १ लाख | कन्टिन्जेन्सी |
| २१. | मा.वि. स्तरीय बक्तृत्वकला प्रतियोगिता, वडा नं. ५ (दिगो मिडिया एण्ड रिसर्च प्रा.लि.) | १ लाख | कन्टिन्जेन्सी |
| २२. | रूम्टाखेत संरक्षण, वडा नं. ४ | १ लाख | कन्टिन्जेन्सी |
| २३. | अभिभावक स्तरीय नैतिक शिक्षामा आधारित हाजिरी जवाफ प्रतियोगिता, वडा नं. ४ (श्री सेतिदेवि पञ्चकन्या मा.वि.) | ६० हजार | पर्व,जात्रा |
| २४. | कामीखेत पुच्छरगाउँ मोटरबाटो स्तरोन्नती | ४ लाख | कन्टिन्जेन्सी |
| २५. | काइनोरिया क्रिस्चेन डौँठे मण्डली चर्च भवनको जाली गाह्रो निर्माण र घेराबार, वडा नं. १३ | ३ लाख | कन्टिन्जेन्सी |
| २६. | विद्यालय भर्ना अभियान गित निर्माण, वडा नं. ८ | १ लाख | कन्टिन्जेन्सी |